सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री कुमार रेग्मी

फैसला

मुद्दा नं.:- ०७४-RB-०००४

मुद्दाः- मूल्य अभिवृद्धि कर(०६२।०६३)।

आन्तरिक राजस्व कार्यालय, ललितपुरको तर्फबाट ऐ.कार्यालयका प्रमुख कर अधिकृत पदमकुमार श्रेष्ठ ....१ निवेदक

विरुद्ध

एशिया प्यासिफिक कम्युनिकेशन्स एसोसियट्स नेपाल प्रा.लि. ,अनामनगर ....१ विपक्षी

शुरु फैसला गर्नेः- माननीय अध्यक्ष श्री दीपककुमार कार्की
लेखा सदस्य श्री भोलाप्रसाद खकुरेल
राजस्व सदस्य श्री यज्ञबल्क उपाध्याय
राजश्व न्यायाधिकरण, काठमाडौं

फैसला मितिः- २०७०।०२।२१

आन्तरिक राजस्व कार्यालय, ललितपुरको तर्फबाट पुनरावेदनको अनुमती पाऊँ भन्ने निवेदन परेकोमा यस अदालतबाट राजश्व न्यायाधिकरण ऐन,२०३१ को दफा ८ बमोजिम अनुमति प्रदान भई पुनरावेदनको रोहबाट पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

तथ्य-खण्ड

१. एशिया प्यासिफिक कम्युनिकेशन्स एसोसियट्स नेपाल प्रा.लि.को कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य

अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर, जरिवाना, थप दस्तुर र ब्याजसमेत जम्मा रु. ८५,१५,६८२।- को प्रारम्भिक कर निर्धारण आदेश ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०६७।०३।१७ मा जारी भएको।

२. उक्त कर निर्धारण हुन नपर्ने वा परिवर्तन गर्नु पर्ने कुनै ठोस प्रमाण भए उक्त पत्र प्राप्त गरेको मितिले १५ दिनभित्र कर अधिकृतसमक्ष पेश गर्नु अन्यथा सर्वसञ्चित कोषमा दाखिला हुने गरी रकम जम्मा गर्नहुन भनी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०६७।०३।१७ मा करदातालाई सूचित गरिएको। उक्त कर निर्धारण आदेश र सोसम्बन्धी सूचना करदाताले सोही मितिमा बुझी लिएको।

३. उक्त कर निर्धारण आदेशबमोजिम यस कम्पनीलाई कर तथा जरिवाना निर्धारण गर्नु पर्ने नहुँदा उक्त आदेश खारेज गरी करको दायित्वबाट उन्मुक्ति दिलाई पाऊँ भन्नेसमेत बेहोराको जवाफ करदाताले मिति २०६७।०३।३१ मा ठूला करदाता कार्यालय, हरिहरभवनमा पेश गरेको।

४. करदाताको यस आ.व.को हकमा मिति २०६७।०३।१७ मा जारी गरिएको कर निर्धारणको कर रु. ४३,४४,२२४। को सट्टा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(३) बमोजिम प्रत्यक्ष रुपमा खरिदमा तिरेको करको कर छुटको बिक्रीसँग सम्बन्ध स्थापित हुन गएकोले कर रु.४९,८१,६२५।- कायम गरी सोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१क) तथा विभागीय परिपत्र बमोजिम २० प्रतिशतले हुने जरिवाना रु.९,९६,३२५।- तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ बमोजिम वार्षिक १० प्रतिशतले हुने थप दस्तुर तथा दफा २६ बमोजिम वार्षिक १५ प्रतिशत हुने ब्याज कम्प्युटर प्रणालीबाट स्वयं गणना हुने भएकाले प्रारम्भिक कर निर्धारण आदेशमा उल्लेख भएअनुसार परिवर्तन गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयबाट मिति २०६७।०३।३२ मा खडा भएको निर्णय पर्चा र सोबमोजिम उक्त कार्यालयबाट सोही मितिमा करदाताको नाममा जारी भएको अन्तिम कर निर्धारण आदेश।

५. शुरु करदाता कार्यालयबाट भएको निर्णय र सोमा लगाइएको कर तथा जरिवानासमेत मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) समेतको आधारमा प्रतिकूल हुँदा बदर गरी न्याय इन्साफ पाऊँ भनी करदाताले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि मिति २०६७।०४।३१ मा दिएको निवेदन।

६. करदाताको जिकिर, कार्यालयको प्रतिक्रिया तथा सक्कल फाइलसाथ संलग्न कागजातहरुको अध्ययन तथा विश्लेषण गर्दा निवेदकले समानुपातिक कर कट्टीको गणना नगरी सम्पूर्ण क्रेडिट दावी गरी कर छलेको देखिएको अवस्था रहेको हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(४क) को आधारमा गरिएको कर निर्धारण कानूनसम्मत भएको देखिएको, आन्तरिक राजस्व कार्यालय, ललितपुरले कर फिर्ताका विस्तृत छानविन नगरी करदाता डेबिट अवस्थामा रहेकोले फिर्ता दिने अवस्था नरहेको उल्लेख गरेको देखिएको तथा कर छली भएको अवस्थामा जुनसुकै बखत कर निर्धारण गर्न सक्ने व्यवस्था विद्यमान रहेको हुँदा कार्यालयले गरेको निर्णय कानूनसम्मत भएको देखिएकोले करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भन्नेसमेत बेहोराको आन्तरिक राजस्व विभागको मिति २०६७।०५।३१ को निर्णय।

७. विपक्षी कार्यालयले कम्पनीले आफूले खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम कर कट्टी दावी गरेकोमा हचुवाको आधारमा नपाउने कर कट्टी दावी गरेको भनी दफा २०(४) को हदम्यादलाई जोगाउने उद्देश्यले प्रस्तुत आ.व.को अन्तिम महिनालाई टेकी आधार बनाई सम्पूर्ण आ.व.को पुरै १२ महिनालाई समेटी जारी भएको कर निर्धारण हदम्यादविहिन, त्रुटीपूर्ण एवं गैरकानूनी भएकोले उक्त कर निर्धारण आदेश तथा सोसँग सम्बन्धित निर्णय पर्चा तथा सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको निर्णय बदर गरी न्याय इन्साफ पाऊँ भन्नेसमेत बेहोराको करदाता एशिया प्यासिफिक कम्युनिकेशन्स एसोसियट्स नेपाल प्रा.लि.को तर्फबाट राजश्व न्यायाधिकरण, काठमाण्डौंमा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा प्रारम्भिक कर निर्धारण आदेशमा उल्लेखित कर निर्धारण भएको रकम र अन्तिम कर निर्धारण आदेशमा उल्लेखित कर निर्धारण भएको रकम नै फरक पर्न गएको अवस्था हुँदा अ.वं.२०२ नं. बमोजिम छलफलको लागि सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेसीको सूचना दिई नियमानुसार पेश गर्नु भनी राजश्व न्यायाधिकरण, काठमाण्डौंबाट मिति २०६८।०२।२७ मा भएको आदेश।

९. मूल्य अभिवद्धि कर ऐन, २०५२ को दफा २०(४) बमोजिमको म्याद नघाई कर निर्धारण गर्ने ठूला करदाता कार्यालयको मिति २०६७।०३।३२ को निर्णय र सोलाई सदर गर्ने आन्तरिक राजस्व विभागको मिति २०६७।०५।३१ को निर्णय मिलेको देखिएन। सो निर्णय उल्टी हुने ठहर्छ भन्नेसमेत बेहोराको राजश्व न्यायाधिकरण, काठमाण्डौंबाट मिति २०७०।०२।२१ मा भएको फैसला।

१०. विपक्षी करदाताले आ.व. २०६२।०६३ मा करयोग्य तथा कर छुट दुवै प्रकृतिको बिक्री कारोबार गरेको अवस्था भएको हुँदा कर छुटमा बिक्री भएको वस्तु तयार गर्न आवश्यक पर्ने कच्चा पदार्थ लगायत अन्य वस्तुको खरिदमा तिरेको कर कट्टी दावी भएको देखिएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(३) बमोजिम करयोग्य कारोबारमा प्रयोग भएको अंश मात्र कर कट्टी गर्न पाउने व्यवस्था भएको र मू.अ.कर नियमावली, २०५३ को नियम ४०(३) र (४) बमोजिम कुल बिक्रीको आधारमा कर लाग्ने कारोबार मूल्यको समानुपातिक हिसाबबाट खरिद वा आयातमा तिरेको कर कट्टी गर्न पाउने व्यवस्था भएकोले कर छुटको बिक्री तर्फको अनुपातको हिसाबले नपाउने कर कट्टी दावी गरेको हुँदा कुल कारोबारको हिसाबका आधारमा अन्तिम कर अवधि २०६३ आषाढ भएकोले एकमुष्ट रुपमा मू.अ.कर ऐन,२०५२ को दफा २०(४) बमोजिम म्यादभित्रै कर निर्धारण गरिएको हुँदा राजस्व न्यायाधिकरणबाट भएको फैसला त्रुटीपूर्ण छ।

प्रस्तुत करदाताले प्रत्येक कर अवधिमा कर कट्टी नपाउने हिसाब गरी कर विवरणको अन्य थपघट महलको डेबिटतर्फ समावेश गर्नुपर्नेमा सोअनुसार नगरी नपाउने कर पुरै दावी गरेको अवस्था रहेकोले वार्षिक रुपमा नपाउने कर गणना गरी असार महिनाको कर अवधिमा कर निर्धारण गरिएको र उक्त कर निर्धारण मू.अ.कर ऐन,२०५२ को दफा २०(४) बमोजिम म्यादभित्रै गरिएको अवस्था हुँदाहुँदै पनि सोतर्फ विश्लेषण नगरी राजस्व न्यायाधीकरण, काठमाण्डौबाट मिति २०७०।०२।२१ मा भएको फैसला त्रुटीपूर्ण भएकोले उक्त फैसला बदर गरी ठूला करदाता कार्यालय, हरिहरभवनको मिति २०६७।०३।३२ को अन्तिम कर निर्धारण आदेश तथा सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०६७।०५।३१ मा भएको निर्णय सदर कायम गरी पाऊँ भन्नेसमेत बेहोराको आन्तरिक राजश्व कार्यालय, ललितपुरको तर्फबाट ऐ. का प्रमुख कर अधिकृत पदमकुमार श्रेष्ठले यस अदालतमा दर्ता गराएको पुनरावेदन पत्र।

११. यसमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ र ऐ. ऐनको दफा २० को उपदफा (४) को व्याख्यात्मक प्रश्न समावेश भएकाले राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (घ) बमोजिम पुनरावेदनको अनुमति प्रदान गरिदिएको छ। नियमानुसार गरी पेश गर्नू भनी यस अदालतबाट मिति २०७४।०४।०४ मा भएको आदेश।

ठहर-खण्ड

१२. नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्र लगायत मिसिलसंलग्न रहेका सम्पूर्ण कागजातहरुको अध्ययन गरियो। पुनरावेदक आन्तरिक राजश्व कार्यालय, ललितपुरको तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले,

करदाताले बुझाएको कर विवरणको सम्बन्धमा कर कार्यालयले मूल्य अभिवृद्धि ऐन, २०५२ को दफा २०(४) ले निर्धारण गरेको हदम्यादभित्र नै कर निर्धारण गरेको छ। साथै, ऐ. ऐनको दफा २०(४क) ले झुठ्ठा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छली गरेमा जुनसुकै बखत पुनः कर निर्धारण गर्न सकिने भन्ने कानूनी व्यवस्था गरेको अवस्थामा ठूला करदाता कार्यालयले कानून बमोजिमको म्याद नघाई कर निर्धारण गरेको भन्ने आधारमा ठूला करदाता कार्यालय तथा राजस्व विभागको निर्णय उल्टी गरी भएको राजश्व न्यायाधिकरण, काठमाण्डौंको फैसला त्रुटीपूर्ण हुँदा बदर हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

१३. विपक्षी एशिया प्यासिफिक कम्युनिकेशन्स एसोसियट्स नेपाल प्रा.लि.,अनामनगरका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा र श्री तुलसी भट्ट तथा विद्वान् अधिवक्ताद्वय श्री कृष्ण प्रसाद पोखेल र श्री महेश थापाले करदाताले मूल्य अभिवृद्धि ऐन, २०५२ को दफा १८ बमोजिम आ.व. २०६२।०६३ को आफ्नो कारोबारको कर विवरण प्रत्येक महिना महिनामा कर कार्यालयमा बुझाएको तथ्यमा विवाद छैन। यसरी करदाताले पेश गरेको विवरण सम्बन्धमा ऐ. ऐनको दफा २०(४) बमोजिम विवरण पेश गरेको मितिले ४ वर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेमा कर कार्यालयले उक्त हदम्यादभित्र कर निर्धारण गरेको अवस्था छैन। ऐ. ऐनको दफा २०(४क) ले झुठ्ठा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छली गरेमा जुनसुकै बखत पुनः कर निर्धारण गर्न सकिने भन्ने कानूनी व्यवस्था गरेकोमा ठूला करदाता कार्यालयले निर्णय गर्दा सो सम्बन्धमा केही उल्लेख गरेको छैन र करदाताले बुझाएको कर विवरणमा उल्लिखित कुन अवस्थाको विद्यमानता थियो भन्ने पनि स्पष्ट कहींकतै उल्लेख गर्न नसकेको अवस्थामा ठूला करदाता कार्यालयले कानून बमोजिमको म्याद नघाई कर निर्धारण गरेको पुष्टि भएको अवस्थामा ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व विभागको निर्णय उल्टी गरी भएको राजश्व न्यायाधिकरण, अनामनगर, काठमाण्डौंको फैसला मिलेकै हुँदा सदर हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

१४. उपर्युक्त तथ्य तथा बहस जिकिर भएको प्रस्तुत मुद्दामा राजश्व न्यायाधिकरण, काठमाण्डौंबाट मिति २०७०।०२।२१ मा भएको फैसला मिलेको छ, छैन? पुनरावेदक आन्तरिक राजश्व कार्यालय, ललितपुरको तर्फबाट लिइएको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. करदाताको कुल कारोबारको हिसाबका आधारमा आ. व. २०६२।०६३ को अन्तिम कर अवधि २०६३ आषाढ भएकोले एकमुष्ट रुपमा कर निर्धारण गरेको हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२

को दफा २०(४) बमोजिम तोकिएको म्यादभित्रै कर निर्धारण गरिएको अवस्था हुँदाहुँदै सोतर्फ विश्लेषण नगरी भएको राजश्व न्यायाधिकरण, अनामनगरको फैसला त्रुटीपूर्ण हुँदा उक्त फैसला बदर गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट भएको अन्तिम कर निर्धारण आदेश तथा सो निर्णय आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय सदर कायम हुनुपर्ने भन्ने नै आन्तरिक राजश्व कार्यालय, ललितपुरको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

१६. मिसिलसंलग्न सम्पूर्ण कागज प्रमाणको अध्ययन गरी आन्तरिक राजश्व कार्यालय, ललितपुरको तर्फबाट लिइएको पुनरावेदन जिकिर तथा पुनरावेदक र प्रत्यर्थीतर्फबाट प्रस्तुत भएका बहस बुँदासमेतको आधारमा निर्णयतर्फ विचार गर्दा, प्रस्तुत विवादमा मूलभूत रुपमा निम्नलिखित कानूनी र तथ्यगत प्रश्नहरुको निक्यौंल गरी निर्णयमा पुग्नुपर्ने देखियोः

क. करदाताले स्वयं कर घोषणा गरी पेश भएको विवरणको सम्बन्धमा ठूला करदाता कार्यालय हरिहरभवन ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेश मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(४) ले तोकेको हदम्याादभित्र भएको छ वा छैन?

ख. करदाताले कर छली गरेको विषयमा जुनसुकै बखत पुनः कर निर्धारण गर्न सकिने भन्ने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(४क) को कानूनी व्यवस्थाको प्रयोग कसले र कसरी गर्न सक्ने हो?

१७. सर्वप्रथम ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेश कानूनले तोकेको हदम्यादभित्र छ वा छैन भन्ने पहिलो प्रश्नतर्फ विचार गर्नुपर्ने देखियो। सो सम्बन्धमा विचार गर्दा, तत्काल कायम रहेको **मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ को उपदफा (१) मा "करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृतसमक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेछ"** भन्ने कानूनी व्यवस्था बमोजिम यी करदाताले प्रस्तुत आर्थिक वर्ष २०६२।०६३ को कर विवरण मासिक रुपमा बुझाउँदै आएको कुरामा कुनै विवाद देखिँदैन। यसरी मासिक रुपमा करदाताले बुझाउँदै आएको कर विवरणको सम्बन्धमा ऐ. ऐनको दफा २० बमोजिम कर अधिकृतले कर निर्धारण गर्न सक्ने भन्ने सम्बन्धमा निम्नानुसार कानूनी व्यवस्था गरेको देखिन्छः

- **दफा २०(१) मा "देहायका कुनै अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्नेछः-**

(क) म्यादभित्र कर विवरण पेश नगरेमा,

(ख) अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेमा,

(ग) झुठ्ठो कर विवरण पेश गरेमा,

(घ) करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने कारण भएमा"

- **दफा २० को उपदफा (२) मा "उपदफा (१) बमोजिम कर निर्धारण गर्दा देहायका कुनै वा सबै आधारमा करको निर्धारण गर्न सकिनेछः**

(क) कारोबारको सबुद,

(ख) कारोबारको सम्बन्धमा सम्बन्धित कर अधिकृतले पेश गरेको कर परिक्षण प्रतिवेदन,

(ग) समान प्रकृतिको कारोबारमा संलग्न अन्य व्यक्तिले बुझाएको कर",

- **दफा २० को उपदफा (३) मा "उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भए तापनि उपरोक्त बमोजिम करको निर्धारण गर्दा प्रमाणको भार पुऱ्याउनु पर्ने अभिभारा सम्बन्धित कर अधिकृतको हुनेछ"।**
- **दफा २० को उपदफा ४ मा "उपदफा (१) बमोजिम कर निर्धारण गर्दा कर विवरण पेश गर्नु पर्ने वा पेश गरेको मितिमध्ये जुन पहिले हुन्छ सो मितिले चार वर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेछ। उक्त अवधिभित्र पनि कर निर्धारण हुन नसकेमा पेश भएको विवरण नै स्वतः मान्य भएको मानिनेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१८. उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा हाम्रो देशको कर प्रणालीलाई हेर्दा, हाम्रो देशमा करदाताले आफ्नो भएको कारोबारको सम्बन्धमा स्वयंले नै कर स्वः घोषणा गरी सम्बन्धित निकायमा कर बुझाउने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाताले बुझाएको कर विवरणमा कुनै कैफियत देखिएको अवस्थामा मात्र करदाता कार्यालयबाट सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी कर निर्धारण गर्न सक्ने हुन्छ। त्यसरी कर निर्धारण गर्दा करदाताले बुझाएको कर विवरण उपरको कैफियत प्रमाणित गर्ने भार पनि कर अधिकृतमा नै रहने हुन्छ। कर अधिकृतले त्यसरी कर निर्धारण गर्दा कानूनले तोकेको समय सिमाभित्र पनि कर निर्धारण गरिसक्नुपर्ने हुन्छ। अन्यथा करदाताले बुझाएको कर विवरण नै अन्तिम भै सोही विवरणले मान्यता पाउने हुन्छ।

१९. प्रस्तुत मुद्दामा विपक्षी करदाता एशिया प्यासिफिक कम्युनिकेशन्स एसोसियट्स नेपाल प्रा.लि., अनामनगरले आफ्नो कारोबारको सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम आर्थिक वर्ष २०६२।०६३ को मूल्य अभिवृद्धि कर विवरण निर्धारित समयमा नै बुझाउँदै आएको पाइन्छ। प्रस्तुत विवादमा समावेश भएको आ.व.२०६२।०६३ को कर अवधिको प्रारम्भिक कर निर्धारण मिति २०६७।०३।१७ मा भएको देखिन्छ। यसरी कर निर्धारण भएपश्चात् करदाताले समयमै सोको जवाफ पेश गरेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाले कर विवरण

पेश भएपछि कर अवधिपिच्छे कर निर्धारण गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको पाइन्छ। यसरी हरेक कर विवरणको कर निर्धारण गर्दा करदाताले कर विवरण पेश गर्नु पर्ने वा पेश गरेको मितिमध्ये जुन पहिले हुन्छ सो मितिले चार वर्षभित्र कर निर्धारण गर्नुपर्नेमा करदाता एशिया प्यासिफिक कम्युनिकेशन्स एसोसियट्स नेपाल प्रा.लि.ले आर्थिक वर्ष २०६२।०६३ को कर विवरण मासिक रुपमा पेश गर्दै आएकोमा कर कार्यालयबाट एकमुष्ट रुपमा मिति २०६७।०३।१७ मा मात्र प्रारम्भिक कर निर्धारण भएको पाइयो।

२०. पुनरावेदकले आ.व.०६२।०६३ को प्रारम्भिक कर निर्धारण मिति २०६७।०३।१७ मा भएकाले ४ वर्षको अवधिभित्रै रहेको भन्ने पुनरावेदन जिकिर लिएको देखिए तापनि सो अवधि गणना गरी हेर्दा उक्त निर्णय मितिले आ.व. २०६२।०६३ को अन्तिम महिना अर्थात् २०६३ आषाढ महिनाको कर निर्धारण मात्र २०६७ श्रावणसम्म अर्थात् ४ वर्षभित्र हुन सक्ने देखिन्छ। सो आर्थिक वर्षको आषाढभन्दा अगाडिका अन्य महिना (२०६२ श्रावणदेखि २०६३ जेष्ठसम्म) को हकमा भने उक्त निर्णय मिति ४ वर्षको अवधि व्यतित भैसकेको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ ले आफ्नो कारोबारका सम्बन्धमा मासिक रुपमा कर विवरण पेश गर्ने जिम्मेवारी करदातालाई दिएको पाइन्छ भने उक्त कर विवरण अनुसार जाँचबुझ गरी समयमै कर निर्धारण गर्ने दायित्व ऐ. ऐनको दफा २० ले कर अधिकृतलाई तोकेको पाइन्छ। करदाताले मासिक रुपमा कर विवरण पेश गर्नुपर्ने भएकोले सोही अनुसार कर अधिकृतले पनि कर निर्धारण गर्नुपर्ने हुन्छ।

२१. आर्थिक वर्ष २०६२।०६३ को मूल्य अभिवृद्धि कर निर्धारण कानून निर्धारित समयावधि ४ वर्षभित्रै गरिएको भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ। एक आर्थिक वर्ष श्रावण महिनादेखि आषाढ मसान्तसम्म कायम गरिने भन्ने तथ्यमा विवाद छैन। श्रावण महिनादेखि जेष्ठ महिनासम्म करदाताले स्वयं कर विवरण पेश गरेकोमा सो अवधिमा ४ वर्ष व्यतित भइसकेको हुन्छ। उक्त मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा ४(१) मा रहेको कानूनी व्यवस्थाले कर निर्धारण गर्दा करदाताले कर विवरण पेश गर्नुपर्ने वा पेश गरेको मितिमध्ये जुन पहिले हुन्छ सो मितिबाट नै कर अधिकृतले ४ वर्षभित्र कर निर्धारण गरी सक्नुपर्ने कर्तव्य तोकेको पाइन्छ। आर्थिक वर्षको प्रत्येक महिनामा करदाताले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी कर अधिकृतसमक्ष विवरण पेश गर्नु पर्ने हुन्छ। प्रत्येक महिनामा अनिवार्य रुपमा स्वयं कर निर्धारण गरी कर अधिकृतसमक्ष विवरण पेश गर्नुपर्ने दायित्व र कर्तव्य करदातालाई पनि तोकेको पाइन्छ। त्यसरी पेश गरेको कर निर्धारणको विवरण कर अधिकृतसमक्ष पेश गरेको मितिबाट नै ४ वर्षभित्र कर निर्धारणको कार्य

सम्पन्न गरी सक्नुपर्ने हुन्छ। उक्त कानूनी व्यवस्थाबाट आर्थिक वर्षको समग्र महिनाको एकमुष्ट अन्तिम आषाढ महिनामा पेश गरेको करको विवरणको मितिले ४ वर्षभित्र कर निर्धारण गर्न मिल्ने भन्ने देखिँदैन। करदाताले प्रत्येक महिनामा स्वयं कर निर्धारण गरी पेश गरेको विवरणको मितिबाट नै ४ वर्षभित्र कर अधिकृतले कर निर्धारण गरिसक्नु पर्ने कानूनले स्पष्ट व्यवस्था गरेको पाइन्छ। सो कानूनी व्यवस्थाले करदाताले पेश गरेको स्वयं कर निर्धारणको हिसाब किताब सो समय सिमाभित्र नगरी कर अधिकृतले सो ४ वर्षको अवधि नघाई कर निर्धारण गर्ने छुट दिएको पाइएन।

२२. करदाताले कर छली गरेको विषयमा जुनसुकै बखत पुनः कर निर्धारण गर्न सकिने भन्ने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(४क) को कानूनी व्यवस्थाको प्रयोग कसले र कसरी गर्न सक्ने हो भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, **मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(४क)** मा उल्लिखित **"उपदफा (४) जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले झुठा लेखा वा बिजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने जुनसुकै बखत विभागले पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ"** भन्ने व्यवस्था पहिलो पटक आर्थिक विधेयक, २०६२ द्वारा थप भई त्यसपछिका आर्थिक ऐनद्वारा निरन्तरता कायम गरी आर्थिक ऐन, २०७५ द्वारा संशोधन भई कायम भएको[१] भन्ने देखिन्छ।

२३. उल्लिखित ऐनको दफा २०(४क) को कानूनी व्यवस्थाले विभागलाई करदाताले झुठा लेखा वा बिजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको अवस्थामा जुनसुकै बखतमा पुनः कर निर्धारण गर्न आदेश दिन सक्ने भनी विशेषाधिकार प्रदान गरेको देखिन्छ। यो विशेष अधिकार कानूनले सुरु कर कार्यालयलाई दिएको नभई आन्तरिक राजस्व विभागलाई प्रदान गरेको देखिन्छ। अब उक्त कानूनी व्यवस्थाको सन्दर्भमा हेर्दा, सर्वप्रथमतः करदाताले पेश गरेको कर विवरण जाँचबुझ गरी कर अधिकृतले ४ वर्षको समयावधि भित्रै कर निर्धारण गर्नुपर्ने जिम्मेवारी कर अधिकृतलाई प्रदान गरेको पाइन्छ भने करदाताले कर छली गरेको कुराको जानकारी आएमा आन्तरिक राजस्व विभागले जहिलेसुकै पनि करदातालाई दण्डितसमेत गर्न सक्ने गरी पुनः कर निर्धारण गर्ने व्यवस्था गरेको पाइन्छ। यस प्रकारको पहिलो अवस्थाले कानूनको सामान्य व्यवस्था अन्तर्गत कर अधिकृतले निश्चित अवधि (४ वर्षभित्र) कर निर्धारण गर्ने व्यवस्थालाई इङ्गित गरेको हो भने दोस्रो व्यवस्था भनेको अपवादात्मक र विशेषाधिकारयुक्त व्यवस्था हो अर्थात् कर छलीलाई नियन्त्रण गर्ने उद्देश्यले आन्तरिक राजस्व विभागलाई सुम्पिएको जिम्मेवारी अन्तर्गत जहिलेसुकै पनि कर निर्धारण गर्न मिल्ने भन्ने हो। प्रस्तुत मुद्दाको रोहमा हेर्दा, एकातिर करदाताले समयमै

[१] https://ird.gov.np/public/pdf/678695469.pdf accessed on 12th September, 2022.

कर विवरण पेश गरेको भए पनि तोकिएको अवधिभित्र कर निर्धारण गरिएको छैन भने अर्कोतिर करदाताले कर छली गरेको विषयमा विभागबाट पुनः कर निर्धारण गर्ने आदेश भएको नभै पुनरावेदनको रोहमा पेश भैसकेको विषयमा विभागबाट निर्णय गर्दा यस प्रकारको (जहिलेसुकै कर निर्धारण गर्न सक्ने) अधिकार प्रयोग भएको पाइन्छ। यसरी समान्य कानूनको प्रयोग गर्दा कानूनको विशेष व्यवस्था अबलम्बन गर्नु भनेको कानूनको मान्य सिद्धान्त र परम्पराको समेत विरुद्ध हुन जान्छ।

२४. साथै, स्वयं कर निर्धारण प्रणाली र कर अधिकृतले कर निर्धारण गरी सक्नुपर्ने अवधिको कानूनी व्यवस्थाको प्रयोगमा पनि असमान्जस्यता रही करदाताहरुको मनोविज्ञानमा कर प्रणालीप्रति उदासिनता रहन जाने हुन्छ। करदाताले सही र ठीक रुपमा स्वयं कर निर्धारण गरी विवरण पेश गर्नुपर्ने कर्तव्य रहेको र सो उपर जाँचबुझ गरी समय सिमाभित्र कर अधिकृतले कर निर्धारण गरी सक्नुपर्ने दुवै पक्षलाई जिम्मेवारी र कर्तव्य तोकेको हुँदा कर प्रणाली करदाताको र राजश्व प्रशासनको आफ्नो जिम्मेवारी कर्तव्यलाई कानूनकै कशीमा हेरी कर्तव्य निर्वाह गरिनु पर्ने हुन्छ। अधिकारक्षेत्रको अतिक्रमण गरी सार्वजनिक जवाफदेहितामा रहने पदाधिकारीले गरेको कार्य कानूनसंगत हुँदैन। उक्त ऐनको दफा २० को उपदफा ४(१) को कानूनी व्यवस्थाको मनसायलाई नहेरी ऐ. ऐनको दफा २०(४क) को प्रयोग जहिलेसुकै गर्न मिल्ने पनि होइन।

२५. ठूला करदाता कार्यालय, हरिहरभवनले गरेको अन्तिम कर निर्धारण निर्णय उपर करदाता एशिया प्यासिफिक कम्युनिकेशन्स नेपाल प्रा.लि.ले आन्तरिक राजस्व विभागसमक्ष गरेको प्रशासकीय पुनरावलोकन उपर विभागले मिति २०६७।०५।३१ मा भएको निर्णयमा निवेदकले समानुपातिक करकट्टीको गणना नगरी सम्पूर्ण क्रेडिट दावी गरी कर छलेको देखिएको अवस्था रहेको हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(४क) को आधारमा गरिएको कर निर्धारण कानूनसम्मत भएको देखिएको भनी उल्लेख गरेको देखिन्छ। तर सुरु निर्णय गर्ने ठूला करदाता कार्यालय ललितपुरले आफ्नो निर्णयमा करदाताले कर छली गरेको, झुठा बिल/बिजक वा कागजात तयार गरेको वा जालसाजी गरेको भन्ने उक्त दफा २०(४क) बमोजिमको कुनै आधारमा कानूनले तोकेको ४ वर्षको अवधि नघाई जुनसुकै बखत पनि पुनः कर निर्धारण गर्न पाउने पनि होइन र त्यस्तो कुनै आधार प्रस्तुत गरेको पनि देखिँदैन। सो उपर प्रशासकीय पुनरावलोकनका लागि करदाता आन्तरिक राजस्व विभागमा प्रवेश गरेपछि सुरु निर्णयमा आधार प्रमाणको रुपमा कुनै विवेचना नै नभएको तथा करदाता निवेदकले उठान नै नगरेको विषयमा प्रवेश गरी विभिन्न आधार देखाई करदाताले कर छली गरेको भन्ने विषयमा प्रवेश गरेको देखियो। यसरी आन्तरिक राजस्व विभागले

निर्णय गर्दा करदाताले कर छली गरेको भन्ने विषय उठाएको अवस्थामा एकातर्फ करदाताले कर छली गरेको भन्ने तथ्य पुष्टि गर्ने प्रमाणको भार विभागमा नै रहने हुन्छ भने अर्कोतर्फ मूल्य अभिवृद्धि ऐन, २०५२ को दफा २०(४क) बमोजिम विभागले ठूला करदाता कार्यालय हरिहरभवनलाई पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेमा त्यस्तो आदेश दिएको भन्ने पनि नदेखिँदा उक्त ऐनको दफा २०(४क) को प्रावधान प्रस्तुत मुद्दामा आकर्षित हुन सक्ने देखिएन।

२६. अतः माथि उल्लिखित आधार कारणबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(४) बमोजिमको म्याद नघाई कर निर्धारण गर्ने ठूला करदाता कार्यालय, हरिहरभवनको मिति २०६७।०३।३२ को निर्णय र सोलाई सदर गर्ने आन्तरिक राजस्व विभागको मिति २०६७।०५।३१ को निर्णय उल्टी हुने भनी राजश्व न्यायाधिकरण, काठमाण्डौंबाट मिति २०७०।०२।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- इन्द्रबहादुर कठायत (उपसचिव)
हेमा पाण्डे (शाखा अधिकृत)
कम्प्युटर टाईप गर्नेः- देबिमाया खतिवडा(देबिना)
इति सम्वत् २०७८ साल चैत्र २८ गते रोज २ शुभम् ....।